नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौँ
काठमाडौँ
(प्रशासन शाखा)

प.सं. ०७९/०८०
च.नं.

मिति : २०७९/०७/०४

## अत्यन्त जरुरी सूचना

आसन्न दीपावली, नेपाल सम्वत र छठपर्वको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दै यस्ता पर्व प्रचलित परम्परा अनुसार सामाजिक एवं सांस्कृतिक पहिचान कायम हुने गरी प्रचलित कानूनको पालना गर्दै मनाउन सवैमा अनुरोध छ । यस अवसरमा सार्वजनिक स्थलमा मादक पदार्थ सेवन नगरी सुरक्षित र मर्यादित तवरले मनाउन हुन, दीपावलीको अवसरमा विजुली एवं मैनबत्ति जस्ता सामग्रीको प्रयोग सावधानीपूर्वक गर्नु हुन र देउसी भैलो कार्यक्रम साँझ ९:०० बजे सम्म मात्र खेल्नु खेलाउनु हुन समेत जानकारी गराइन्छ । पटका, आतिसवाजी तथा अन्य प्रज्वलनशील पदार्थको ओसारपसार, विक्री वितरण र प्रयोग नगर्नु, नगराउनु हुन सवैमा अनुरोध छ । यो सूचनाको पालना नगरेमा कानून बमोजिम कारवाही हुने जानकारी गराइन्छ ।

घनश्याम उपाध्याय
प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगानाः बबरमहल, काठमाडौँ
फोन नं.०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५फ्याक्स नं.०१-४२६२८२८
इमेल:daobabarmahal@gmail.com